नेपाल सरकार
शिक्षा मन्त्रालय
## शिक्षा विभाग
# विद्यालय शिक्षासम्बन्धी गतिविधि-७३

## शैक्षिक सामग्री व्यवस्थापन शाखाको जरूरी सूचना

- चालू शैक्षिक सत्र २०६६ सरु भएको लामो समय भइसक्दा पनि कतिपय जिल्लाका विद्यालयमा अझै पनि विद्यालयीय पाठ्यपुस्तकको अभाव भन्ने समाचारहरू आइरहेको सन्दर्भमा सबै जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयहरूले आ-आफ्नो क्षेत्रमा पाठ्यपुस्तकको अद्यावधिक अबस्था अनुगमन गरी गराई यथार्थ जानकारी नियमित रूपमा विभागको यस शाखामा पठाउने व्यवस्था हुन तथा आगामी शैक्षिक सत्रका लागि आवश्यक पर्ने पाठ्यपुस्तकको कक्षागत सेट (ऐच्छिक समेत खुल्ने गरी) को विवरण समेत पठाउन हुन अनुरोध छ।
- प्राथमिक तहको कक्षा ३ र ५ मा गत शैक्षिक सत्र २०६५ मा सञ्चालित उपलब्धि परीक्षणको प्रतिवेदन कतिपय जिल्लाहरूबाट हालसम्म यस शाखामा प्राप्त भइनसकेकाले तत्काल पठाउन हुन तथा शैक्षिक सत्र २०६६ मा सञ्चालन गरिने उपलब्धि परीक्षणको प्रतिवेदन यथासमयमा तयार गरी पठाउने व्यवस्था हुन अनुरोध छ ,
- दिवा खाजा कार्यक्रमको निर्देशिका तयार भई स्वीकृतिकाक्रममा रहेकोले यो कार्यक्रम लागू भएका जिल्लाहरूले आ-आफ्नो तयारी गर्दै रहन जानकारी गराइन्छ ,
- बहुकक्षा शिक्षणसिकाइका लागि छनोट भएका जिल्लाका विद्यालयहरूमा आगामी शैक्षिक सत्र २०६६ को सुरुबाटै शिक्षणसिकाइ कार्य सञ्चालन गरिनुपर्ने हुँदा तत्‌तत् जिल्लाका विद्यालयहरूमा आवश्यक पूर्वतयारी गराई सोको प्रगति विभागको यस शाखामा अविलम्ब पठाउने व्यवस्था हुन अनुरोध छ।

## विद्यालय व्यवस्थापन शाखा (प्राथमिक) को जरूरी सूचना

१. सामुदयिक विद्यालयहरूमा कार्यरत कर्मचारीहरूको विवरण अध्यावधिक गर्न जिल्ला शिक्षा कार्यालयहरूलाई विवरण पठाउन अनुरोध गरिएकोमा हालसम्म पनि निम्न जिल्लाहरूबाट विवरण प्राप्त नभएकोले तपसिलको ढाँचामा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको विवरण पठाउन हुन र जिल्लामा सम्पूर्ण विद्यालय कर्मचारीहरूको विवरण अध्यावधिक रूपमा प्रमाणित गराई राख्न हुनु अनुरोध छ।

**सामुदायिक विद्यालय कर्मचारीहरूको विवरण पठाउने ढाँचा**

| सि.नं. | कर्मचारीको नाम थर | विद्यालयको नाम र ठेगाना | शैक्षिक योग्यता | पद | स्थायी/ अस्थायी | नियुक्ति मिति | तलब | ग्रेड | क.संस कोष कट्टी गरे वा नगरेको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

**विवरण प्राप्त नभएको जिल्लाहरू**

**रसुवा, काठमाडौं, रौतहट, हुम्ला, जुम्ला, कालिकोट, रुकुम, सल्यान, बाँके, दैलेख, अछाम, बैतडी, ताप्लेजुङ्, सोलुखुम्बु र कैलाली।**

**पुनश्च**: यदि कुनै जिल्लाको यसभन्दा अगाडि पठाएको विवरणमा छुट भएको भए सोही ढाँचामा छुट विवरण पठाउन हुन अनुरोध छ।

## आर्थिक वर्ष २०६६/०६७मा सञ्चालन हुने प्रारम्भिक बाल विकास कार्यक्रमसम्बन्धी जानकारी

यसअन्तर्गत पुराना तथा नयाू बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाका सहजकर्ताका लागि पारिश्रमिक प्रदान गर्ने, नयाू बालविकास केन्द्र स्थापना/पूर्वप्राथमिक कक्षा सञ्चालन गर्ने, बालविकास केन्द्रका लागि शैक्षिक सामग्री वितरण गर्ने, नयाँ सहयोगी कार्यकर्ताका लागि तालिमको व्यवस्था गर्ने आदि जस्ता कार्यक्रमहरू रहेका छन्।

***उद्देश्यहरू:***
१. **३-४ वर्ष उमेर समूहका बालबालिकाहरूको सर्वाङ्‌गीण विकास गर्ने,**
२. **जोखिममा परेका र सुविधाविहीन बालबालिकालाई केन्द्रित गरी समुदाय र विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरूको विस्तार गर्ने।**

### क्रियाकलापहरू र कार्यान्वयन विधि

- **सहयोगी कार्यकर्ताको पारिश्रमिक (हिमाली क्षेत्र) :** हिमाली क्षेत्र किटान भएका गाविसमा सञ्चालित पुराना बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको पारिश्रमिक प्रति महिना रू. २०००/- का दरले चाडपर्व खर्चसहित १३ महिनाको हुन आउने रकम विद्यालयसँग आबद्ध भएकाहरूको सम्बन्धमा विद्यालयलाई र समुदायद्वारा सञ्चालित केन्द्रका हकमा बालविकास केन्द्र व्यवस्थापन समितिको खातामा निकासा दिने र पारिश्रमिक निकासा दिदा बालविकास केन्द्र व्यवस्थापन समिति/मातृ विद्यालयबाट हाजिर प्रमाणित र सिफारिश आवस्यक पर्ने। यस सम्बन्धी आवस्यक विवरण शिक्षा विभागको प्रारम्भिक बालबिकास शाखामा पठाउने।
- **सहयोगी कार्यकर्ताको पारिश्रमिक (अन्य क्षेत्र):** माथि दिइएबाहेक अन्य क्षेत्रमा सञ्चालित पुराना बा.वि.के.मा कार्यरत सहयोगी कार्यकर्ताको पारिश्रमिक प्रति महिना रू. १८००/- का दरले चाडपर्व खर्चसहित १३ महिनाको हुन आउने रकम विद्यालयसँग आबद्ध भएकाहरूको सम्बन्धमा विद्यालयलाई र समुदायद्वारा सञ्चालित केन्द्रका हकमा बालविकास केन्द्र व्यवस्थापन समितिको खातामा निकासा दिने र पारिश्रमिक निकासा दिदा बालविकास केन्द्र व्यवस्थापन समिति/मातृ विद्यालयबाट हाजिर प्रमाणित र सिफारिश आवस्यक पर्ने। यस सम्बन्धी विवरण शिक्षा विभागको प्रारम्भिक बालबिकास शाखामा पठाउने।
- **शैक्षिक सामग्री ब्यवस्थापन खर्च:** पुराना बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापन खर्च स्वरुप प्रति केन्द्र बार्षिक रु १ हजारका दरले प्रत्येक केन्द्रलाई प्रथम चौमासिकमा प्रदान गर्ने। उक्त रकमबाट बालविकास केन्द्र व्यवस्थापन समितिको निर्णय अनुरुप स.का.को राय सुझाव लिई केन्द्रको आवश्यकता अनुसारको सामग्री खरिद बालविकास केन्द्रले गर्ने र जि.शि.का.मा जानकारी दिने।
- **नयाँ बालविकास केन्द्र सञ्चालन :** १. जिशिकाले कार्यक्रम सम्बन्धमा प्रचार प्रसार गरी विवरण संकलन गर्ने,प्राप्त विवरणका आधारमा स्थानको छनौट् गरी कक्षा स्थापना गर्ने,नयाँ सहयोगी कार्यकर्ताको नियुक्ति गर्दा प्रवेशिका परीक्षामा सम्मिलित भएका स्थानीय महिलालाई (विवाहित महिलालाई प्राथमिकता दिने गरी) नियुक्ति गर्ने, २. नयाँ बालविकास केन्द्र स्थापना गर्नका लागि प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका २०६१ बमोजिम सम्बन्धित नपा/गाविसको अनुमति लिने (समुदायमा आधारित बाविकेको हकमा नजिकको विद्यालयसँग आबद्धता लिने), ३. व्यवस्थापन उपसमिति तथा केन्द्र व्यवस्थापन समितिको गठन गर्ने,४. सहयोगी कार्यकर्ताको नियुक्ति तथा अन्य व्यवस्था प्रारम्भिक बालविकास निर्देशिका २०६१ अनुसार गर्ने, ५. नयाँ वालविकास केन्द्र स्थापना गर्दा शैक्षिक सत्र २०६७ संग मिलानहुनेगरी ब्यबस्था मिलाउने। नयाँ बालविकास केन्द्र २०६७ बैशाखबाट मात्र सञ्चालन हुने व्यवस्था मिलाउने।
- **सहयोगी कार्यकर्ताको पारिश्रमिक (हिमाली क्षेत्र ) :** हिमाली क्षेत्र किटान भएका गाविसमा स्थापना भएका नयाँ बा.वि.के.मा नयाँ नियुक्ति भई कार्यरत सहयोगी कार्यकर्ताको हकमा पारिश्रमिक प्रति महिना रू. २०००/- का दरले ३ महिना (२०६७ वैशाख, जेष्ठ, असार) को हुन आउने रकम विद्यालयसँग आबद्ध भएकाहरूको सम्बन्धमा विद्यालयलाई र समुदायद्वारा सञ्चालित केन्द्रका हकमा बालविकास केन्द्र व्यवस्थापन समितिको खातामा निकासा दिने र पारिश्रमिक निकासा दिदा बालविकास केन्द्र व्यवस्थापन समिति/मातृ विद्यालयबाट हाजिर प्रमाणित र सिफारिश आवस्यक पर्ने। यस सम्बन्धी विवरण शिक्षा विभागको प्रारम्भिक बालबिकास शाखामा पठाउने।
- **सहयोगी कार्यकर्ताको पारिश्रमिक (अन्य क्षेत्र ) :** माथि दिइएको बाहेक अन्य क्षेत्रका नपाम गाविसमा स्थापना भएका नयाँ बाविकेमा नयाँ नियुक्ति भई कार्यरत सहयोगी कार्यकर्ताको हकमा पारिश्रमिक प्रति महिना रू. १८००/- का दरले ३ महिना (२०६७ वैशाख, जेष्ठ, असार) को हुन आउने रकम विद्यालयसँग आबद्ध भएकाहरूको सम्बन्धमा विद्यालयलाई र समुदायद्वारा सञ्चालित केन्द्रका हकमा बालविकास केन्द्र व्यवस्थापन समितिको खातामा निकासा दिने र पारिश्रमिक निकासा दिदा बालविकास केन्द्र व्यवस्थापन समिति/मातृ विद्यालयबाट सकाको हाजिर प्रमाणित र सिफारिश आवश्यक पर्ने। यस सम्बन्धी विवरण शिक्षा विभागको प्रारम्भिक बालविकास शाखामा पठाउने।
- **स्थापना खर्च :** नयाँ स्थापना हुने बालविकास केन्द्रको स्थापना खर्च प्रति केन्द्र बार्षिक रु. १,०००/- का दरले हुने एकमुष्ठ रकम सम्बन्धित केन्द्र वा विद्यालयको खातामा निकासा दिने। बा.वि.के. व्यवस्थापन समितिको निर्णयबमोजिम उक्त रकम खर्च गर्ने।
- **शैक्षिक सामग्री ब्यवस्थापन खर्च :** नयाँ प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाका लागि पनि शैक्षिक सामग्री व्यवस्थापन खर्चस्वरुप प्रति केन्द्र बार्षिक रु १ हजारका दरले प्रत्येक केन्द्रलाई प्रदान गर्ने। बा.वि.के. व्यवस्थापन समितिको निर्णयबमोजिम सामग्री व्यवस्था गर्ने।
- **सहयोगी कार्यकर्ताको लागि तालिम :** प्रारम्भिक बालविकास केन्द्रका नयाँ नियुक्ति भएका सहयोगी कार्यकर्ताको लागि १६ दिने तालिम सञ्चालन गर्ने।

***स्रोत :*** *कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६, शिक्षा विभाग*

## शिक्षा विभाग र बुढानिलकण्ठ स्कुलको सूचना

शिक्षा विभाग र बुढानिलकण्ठ स्कुल काठमाडौंको सार्वजनिक निजी साझेदारी (Public private partnership) कार्यक्रमअन्तर्गत शैक्षिक सत्र २०६७ का लागि छात्रवृत्तिमा कक्षा ५ देखि अध्ययन गर्न आवसीय विद्यार्थी छनोटका लागि हुने परीक्षा यही २०६६ पौष ३० र माघ ३ गते हुने भएकोले सबै जिल्ला शिक्षा कार्यालयहरूले आ-आफ्ना स्रोतकेन्द्रहरू मार्फत् सबै विद्यालयहरूलाई जानकारी गराउन यो सूचना प्रकाशित गरिएको छ।

## शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमीको

### हकदाबीको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०६६।९।१)

सम्बन्धित सम्पर्क शैक्षिक तालिम केन्द्रको सिफारिसमा यस केन्द्रको मिति २०६६/०८/११ को निर्णयअनुसार देहायका पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम केन्द्रहरूको स्वीकृत रद्द गरिएको छ। उक्त तालिम केन्द्रहरूको सुरक्षणबापत राखिएको धरौटी रकम फिर्ता दिने निर्णय भएकाले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र रकम धरौटी राखिएको कार्यालय ( सम्बन्धित सम्पर्क शैक्षिक तालिम केन्द्र) मा आवश्यक सबै प्रमाण संलग्न गरी हकदाबी गर्न जानकारी गराइएको छ। उक्त म्यादभित्र हकदाबी नगरेमा रकम धरौटी रहेको कार्यालयबाट कानुनबमोजिम धरौटी रकम सम्बन्धित तालिम केन्द्रलाई फिर्ता दिने व्यहोरा समेत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रकम धरौटी राख्ने सम्बन्धित सम्पर्क शैक्षिक तालिम केन्द्रलाई समेत सोहीअनुसार गर्नु गराउनु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**देहाय :**
१. **श्री सिद्धार्थ क्याम्पस शिक्षक तालिम केन्द्र, बाणगङ्‌गा, कपिलवस्तु।**
२. **श्री शिक्षक तालिम केन्द्र, तानसेन, पाल्पा** (प.प.न. उ.मा.वि.)।
३. **श्री शैक्षिक तालिम केन्द्र,** (मा.वि. रझेना, दाङ)।

### शिक्षासँग सम्बन्धित महत्वपूर्ण सूचना एवम् जानकारीहरू प्राप्त गर्न

- ▶ हरेक महिनाको १ र १६ गतेको गोरखापत्रको नवौं पृष्ठ पढौं,
- ▶ आइतबारदेखि शुक्रबारसम्म हरेक दिन साँझ ७:३५ बजेदेखि रेडियो नेपालबाट प्रसारण हुने "शिक्षाको चौतारी" कार्यक्रम सुनौ,
- ▶ शिक्षा विभागको शैक्षिक समाचार मासिक पढौं,
- ▶ शिक्षा विभागको वेवसाइट www.doe.gov.np हेरौं र
- ▶ उल्लिखित सम्बन्धमा कुनै सुझाव भए e-mail:remis.doe@gmail.com मा उपलब्ध गराउनु हुन अनुरोध छ।

## जिल्ला शिक्षा कार्यालय, प्यूठानको सूचना

यस जिल्ला अन्तर्गतका विभिन्न प्रा.वि., नि.मा.वि. र मा.वि. हरूको आ.व. २०६५/२०६६ सम्मको श्रेस्ता अन्तिम लेखापरीक्षण गराउनुपर्ने भएकोले क्षेत्रीय शिक्षा निर्देशनालय म.प. सुर्खेतमा सूचिकृत हुनु भएका इच्छुक लेखा परीक्षकहरूबाट सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिनभित्र यस कार्यालयमा लेखा परीक्षकको नियुक्तिका लागि रू १००।- को नगदी रसिद वा शिक्षा समिति कोषका नाममा रहेको नेपाल बैङ्क प्यूठानको स/अ ६०६ ख ६ ए मा रकम जम्मा गरेको भौचर साथ आवश्यक कागजात संलग्न गरी रीतपूर्वकको निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## जिल्ला शिक्षा कार्यालय, दोलखा चरिकोटको

### विद्यालयको लेखापरीक्षणसम्बन्धी सूचना

यस जिल्लामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूको ०६५/०६६ को लेखापरीक्षण गराउनुपर्ने भएकोले निम्नअनुसार योग्यता पुगेका इच्छुक लेखापरीक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिनभित्र निम्न कागजातहरू संलग्न गरी रू ५।- को टिकट टाँसी दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**दरखास्तसाथ संलग्न हुनुपर्ने कागजातहरू**

१. क्षेत्रीय शिक्षा निर्देशानालय, मध्यमाञ्चलको सूचिकृत लिष्टमा नाम समावेश भएको हुनुपर्नेछ,
२. नेपाल चार्टर एकाउण्टेसी कार्यालयबाट इजाजत प्राप्त पत्रको नविकरणको फोटोकपी,
३. कर कार्यालयको आयकर दर्ता प्रमाण-पत्रको फोटोकपी,
४. आ.व. ०६५/०६६ को कर कार्यालयबाट प्राप्त कर क्लियरेन्स पत्रको फोटोकपी।

**पुनश्च**: म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन। अन्य जानकारी लिनु परेमा कार्यालय समयमा आई लिनसकिनेछ।

## जिल्ला शिक्षा कार्यालय, सिन्धुपाल्चोकको

### हाजिर हुन आउनेबारेको सूचना

यस जिल्ला अन्तर्गत सञ्चालित श्री पाल्चोक नि.मा.वि. पाल्चोक-९ मा कार्यरत प्रा.स. श्री विन्दुप्रसाद शाह मिति २०६५/१०/०१ गतेदेखि र श्री यग्रचण्डी नि.मा.वि. लिस्ती-६ का प्रा.शि श्री उपेन्द्र महतो २०६५/१२/०६ गतेदेखि सम्बन्धित विद्यालयले पटक पटक जानकारी जानकारी गराउँदा पनि हाजिर हुन नआउनु भएको भनी विद्यालय व्यवस्थापन समितिको निर्णय साथ विद्यालयबाट लेखी आएको हुँदा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र गैर हाजिर रहनुको चित्तबुझ्दो कारण सहित हाजिर हुन आउनुहोला अन्यथा तपाइँ उपर शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १३८ को उपनियम १ बमोजिम कारवाही हुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## जिल्ला शिक्षा कार्यालयका सूचनाहरू

## जिल्ला शिक्षा कार्यालय, काठमाडौंको सूचना

- २०६६ सालमा सञ्चालन हुने कक्षा ८ को जिल्लास्तरीय परीक्षामा सहभागी हुने विद्यालयहरूले सम्बन्धित स्रोतकेन्द्र मार्फत् यस कार्यालयमा पेश गर्नहुन भनी मिति २०६६/०८/०१ गतेको गोरखापत्रमा सूचना प्रकाशित गरिएकोमा जिल्लास्तरीय परीक्षा शुल्क नलिने र संस्थागत विद्यालयको हकमा प्रति विद्यार्थी रू ६०।- का दरले शुल्क लिने निर्णय भएकोले यसअघि शुल्क बुझाइसकेका सामुदायिक विद्यालयहरूले बुझाइसकेका शुल्कपछि फिर्ता गरिने र बुझाउन बाँकी सामुदायिक विद्यालयहरूले विवरण मात्र बुझाउनु हुन एवम् संस्थागत विद्यालयहरूको हकमा बुझाइसकेका विद्यालयहरूले थप रू १०।- कार्यालयमा बुझाउनु हुन र बुझाउन बाँकी संस्थागत विद्यालयहरूको हकमा आगामी पौष १५ गतेभित्र रू ६०।- का दरले निम्नानुसारको विवरण सहित यस कार्यालयमा बुझाउनु हुन पुनः सूचित गरिन्छ।

| S.N. | Student's Name (capital Letters) | Date of BIrth ( B.S) | Father's Name | Mother's Name | Remarks |
|---|---|---|---|---|---|
| | | | | | |

- यस कार्यालय अन्तर्गत कामपा ४, टुडालदेवी, चण्डोल, विशालनगरमा सञ्चालित संस्थागत विद्यालय विश्वबन्धुत्व इङ्लिस बोर्डिङ स्कुलले साविक नाम परिवर्तन गरी कस्मोपोटिन इङलिस बोर्डिङ स्कुल (COSMOPOLITAN ENGLISH BOARDING SCHOOL) कायम गर्न माग गरी निवेदन पेश गरेको हुँदा कुनै व्यक्ति वा सङ्घसंस्थाको कुनै किसिमको दावी विरोध भएमा यसै सूचनालाई आधार मानी आवश्यक प्रमाण लिई यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिखित निवेदनसाथ यस कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ। अन्यथा निवेदकको माग बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

## जिल्ला शिक्षा कार्यालय, ललितपुरको

### स्पष्टीकरणसहित उपस्थित हुन आउने बारेको सूचना

यस जिल्ला अन्तर्गत तपाइँ श्री चण्डेश्वरी प्रा.वि. माल्टा, ललितपुरका स्थायी शिक्षिका श्री राधिका कुमारी तामाङ (मनमैजु गा.वि. काठमाडौं) ले विद्यालयबाट पटक पटक घर ठेगानामा विद्यालयमा हाजिर हुन आउने पत्राचार गरिएको साथै यस कार्यालयबाट पनि मिति २०६६/८/२२ मा हाजिर हुन आउने पत्र पठाइएको हालसम्म पनि उपस्थित हुन नआउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र उचित कारणसहितको स्पष्टीकरणसाथ यस कार्यालयमा हाजिर हुन आउनु होला अन्यथा शिक्षा ऐन २०२८ (संशोधन सहित) २०६२ को दफा १६ ङ (ग) अनुसार अवकाशको कारवाही भई जाने व्यहोरासमेत जानकारी गराइन्छ।

## जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोकको सूचना

१. शैक्षिक सत्र २०६७ वैशाखदेखि नयाँ बाल विकास केन्द्र सञ्चालन गर्न चाहने सामुदायिक विद्यालय, सामुदायिक अध्ययन केन्द्र, सामाजिक संघ/संस्थाहरूले सम्बन्धित नगरपालिका वा गाविसबाट पूर्व प्राथमिक विद्यालय सञ्चालन गर्न दिइएको अनुमति वा स्वीकृति पत्रको प्रतिलिपि र तपसिलका कागजातसहित जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोकको योजना तथा कार्यक्रम शाखामा मिति २०६६ पौष मसान्तभित्र निवेदन दर्ता गर्नु/गराउनु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

**क. गाविस/नपाको पूर्व प्राथमिक विद्यालय सञ्चालन गर्न दिइएको अनुमति/स्वीकृति पत्रको प्रतिलिपि**
**ख. गाविस/नपाको सिफारिसपत्र**
**ग. सेवा क्षेत्रभित्रका ३-५ वर्ष उमेर समूहका बालबालिकाको विवरण (देहायको ढाँचामा)**

| क्र.सं. | अभिभावक/ बाबु आमाको नाम | ठेगाना | बालबालिकाको नाम | जन्ममिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

घ. सामुदायिक विद्यालयबाहेकका संघ/संस्था, सामुदायिक अध्ययन केन्द्रले सञ्चालन गर्न चाहेमा नजिकको विद्यालयको आवद्धताको सिफारिसपत्र।
ङ. अन्य व्यवस्थाको हकमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६१ बमोजिम हुने।

२. यस जिल्लाभित्र सञ्चालनमा रहेका गुम्बाहरू मध्ये केही गुम्बाहरूले विद्यालय सञ्चालन अनुमति नलिई सञ्चालनमा रहेको पाइएकोले त्यस्ता गुम्बाहरूले २०६६ पौष मसान्तभित्र यस कार्यालयमा सम्पर्क राखी नियमानुसार विद्यालय सञ्चालन अनुमति लिन हुन अनुरोध गरिन्छ अन्यथा वार्षिक एकमुष्ट अनुदान रकम निकासा हुन नसक्ने भएकोले यस तर्फ सचेत हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

## जिल्ला शिक्षा कार्यालय, मकवानपुरको

### सवारीसाधन तथा अन्य सामान लिलाम बिक्रीको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०६६/०७/१६)**

यस कार्यालयको बा. झ ४७५२ नं को महेन्द्रा जीप ना अ व ९५ नं को सुजुकी मोटरसाइकल, जीपको पुरानो इन्जीन लगायत विभिन्न पुरानो सामानहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नको लागि मिति २०६६/०७/१६ मा गोरखापत्रमा सूचना प्रकाशित गरिएकोमा सो अवधिमा माग भएबमोजिम कसैको पनि निवेदन पर्न नआएकोले पुनः यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन मितिले ७ दिनभित्र यस कार्यालयबत्राट बिक्री गरिने बोलपत्र फाराम रू १,०००।- तिरी (फिर्ता नहुने गरी) सो मा आफूले सकार गरेको रकम र सो को १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको नामको नेपाल बैङ्क लिमिटेड सिटी अफिस हेटौडामा रहेको धरौटी खाता नं ००२५-५१-८०८१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैङ्क जमानतपत्र समावेश गरी सिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण बुझ्नु पर्ने भए कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ। न्यूनतम कायम मूल्य रू ४४५,१९९।- (चार सय पैतालिस हजार एक सय उनान्सय मात्र)

**लिलाम बढाबढ हुने समय, स्थान र मिति**

**क) स्थान : जिल्ला शिक्षा कार्यालय मकवानपुर**
**ख) समय : दिनको १२ बजे**
**ग) मिति : गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ८औं दिन (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट।)**

- लिलाम सकार मालसमान सकारेको ७ दिनभित्र आइ लैजानु पर्नेछ। (अन्यथा धरौटी रकम जफत हुनेछ)
- लिलाम बढाबढ हुने मालसामन हेर्न चाहनेले कार्यालय खुलेको दिनमा दिनको ११:०० बजेदेखि १.०० बजेसम्म यस कार्यालयको जिन्सी शाखामा सम्पर्क हेर्न सक्नेछ।

# गुणस्तरीय शिक्षा हामी सबैको इच्छा